बैठक संख्या :- १४७
मिति :- २०८०।०७।१४, मंगलबार
समय :- बिहान ७:०० बजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव (प्र.प्र.अ.) |

## प्रस्तावहरु :

१. सिन्धुलीगढी विजयोत्सव समारोह,
२. बक्यौता रकम असुल गर्ने सम्बन्धमा,
३. खेलकुद रकम खर्च सम्बन्धमा,
४. तेश्रो राष्ट्रिय माझी गोल्डकप फुटबल प्रतियोगिता सहयोग सम्बन्धमा,
५. प्रा.वि. केराबारीमा सहयोग सम्बन्धमा,

**सहयोगी कर्मचारी :** - भुपेन्द्रध्वज बस्नेत, अधिकृत स्तर छैठौं
- दिपेस के.सी., सहायक स्तर पाँचौं, प्रशासन शाखा
- अजय प्रधान, क.अ., (सहायक स्तर पाँचौं)

## निर्णयहरु

**निर्णय नं. १ :** यहि मिति २०८०/०७/२४ गते हुने सिन्धुलीगढी विजयोत्सव समारोह भव्य, सभ्यताका साथ सम्पन्न गर्न नेपाल सरकारका उपप्रधान तथा रक्षामन्त्री माननीय श्री पूर्ण बहादुर खड्काको आतिथ्यमा तथा विभागीय मन्त्रीज्यूहरु, संघीय तथा प्रदेश सभासदहरु, प्रधानसेनापति लगायत विभिन्न संघसंस्था तथा निकायहरु र निवर्तमान विशिष्ट व्यक्तित्वहरुको आतिथ्यमा समारोह सम्पन्न गर्ने र सो सम्बन्धी खर्च विनियोजित बजेट शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** प्रस्तुत विषयमा नगरपालिका र लोचनराज घिमिरे बीच भएको सम्झौता अनुसार कोठा नं. ९ को मासिक भाडा २३,११५।- का दरले २०७८ साल चैत्र देखि २०८० साल असार सम्मको रु. ३,६९,८४०।- र जरिवाना वापत रु. ७,३९६।८० सहित हुने रु. २,७७,२३६।८० बुझाउन बाँकी भएकोले यस कार्यालयबाट मिति २०८०/०३/११, २०८०/०५/०५ र २०८०/०६/०८ मा पटक-पटक पत्राचार गर्दा समेत रकम दाखिला गर्नु नभएकोले उक्त रकम कमलामाई नगरपालिकाको कार्यालयलाई नबुझाएसम्म वडा तथा नगरपालिकाबाट उपलब्ध हुने सेवा-सुविधा नियमानुसार रोक्का राखी सरकारी बाँकी सरह असुल उपरका लागि कारवाही प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :** आ.व. २०८०/०८१ अन्तर्गत यस पालिका अन्तर्गत खेलकुद शिर्षकमा विनियोजित रकम शिर्षकको खर्च रकम वडा समितिको निर्णयबाटै खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** आ.व. २०८०/०८१ नेपाल माझी उत्थान संघ सिन्धुलीको आयोजनामा तेश्रो राष्ट्रिय माझी गोल्डकप फुटबल प्रतियोगिता सिन्धुलीमा दशैं, तिहारको अवसरमा संचालित राष्ट्रिय स्तरको फुटवल प्रतियोगिता सिन्धुली जिल्लामा नै संचालन भएको हुँदा सो वापत खर्चमा सहयोग स्वरुप चालु फुटकर खर्च शिर्षकवाट रु. २ लाख सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** वडा नं. ४ स्थित प्रा.वि. केराबारीमा जस्ता लगायत भवन स्तरोन्नतीका लागि सहयोग स्वरुप रु. १,५०,०००।- चालु-फुटकर खर्चबाट उपलब्ध गराउने निर्णय गरियो ।